जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १४ २०८१ साल साउन १६ गते बुधबार (31 July 2024 Wednesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : नेपालमा महाकुम्भ मेला र.. ३ पृष्ठमा : सुनकोसी मरिण डाइभर्सन: ... ३ पृष्ठमा रमजानको समयमा लुटपाटक ...

# अनियमितता सम्बन्धी समाचार लेखेकै कारण पत्रकार गुप्तालाई धम्की

# धम्क्याउने व्यक्तिलाई पक्राउ गर्न महासंघद्वारा प्रहरीमा निवेदन

**दैनिक समाचारदाता**
**राजविराज, १५ साउन ।**

अनियमितता सम्बन्धी समाचार लेखेकै कारण पत्रकार नवीनकुमार गुप्तालाई गालीगलौज, अभद्र व्यवहारका साथै ज्यान मार्ने धम्की आएको छ ।

नेपाल पत्रकार महासंघ सप्तरीका कोषाध्यक्ष, नेपाल प्रेस युनियन सप्तरीका उपाध्यक्ष, फोटो पत्रकार संघ सप्तरीका उपाध्यक्ष समेत रहेका पत्रकार गुप्तालाई सप्तरीको महादेवा गाउँपालिका निवासी अभिशेक मण्डलले यस्तो धम्की दिएका हुन् ।

राजविराजबाट प्रकाशित हुने राजविराज दैनिकका प्रकाशक तथा समाचार संयोजक रहेका गुप्ताले साउन ११ गते उक्त पत्रिकामा "महादेवा गाउँपालिकामा कामै नगरि करोडौंको भुक्तानी" शिर्षक राखी अनियमितता सम्बन्धी समाचार लेखेका थिए । आफ्नो नाम पत्रिकामा कीन छापेको भन्दै सोमबार राती ९ बजेतिर ९८१५७७६६८८ नम्बरको मोबाइलबाट गालीगलौजसहित मण्डलले आफूलाई ज्यान मार्ने धम्की दिएको पत्रकार गुप्ताले बताए ।



**पत्रकार नवीनकुमार गुप्ता**

उनले मोबाइलमार्फत मण्डलले गरेको गालीगलौज तथा धम्कीको पूर्णअंश रेकर्डसमेत गरेका छन् । गाउँपालिकाद्वारा भइरहेको विभिन्न निर्माण कार्यमा पेटीदारको रुपमा काम गर्ने व्यक्ति रहेको मण्डल गाउँपालिकाका अध्यक्ष सुनिल मण्डलका नातेदारसमेत रहेको बुझिएको छ ।



पत्रकार महासंघका सभापति श्रवणकुमार देव र सचिव रामनारायण विश्वासले एसपी गजुसिद्धि बज्राचार्यलाई निवेदन बुझाउँदै ।
*तस्बिर : राजविराज दैनिक*

यसैबीच समाचारको विषय लिएर पत्रकारलाई फोनमार्फत गालीगलौज र धम्क्याउने व्यक्तिलाई तत्काल पक्राउ गरि कारवाही गर्न नेपाल पत्रकार महासंघ सप्तरी शाखाले स्थानीय प्रशासनसँग माग गरेको छ ।



**पत्रकारलाई धम्क्याउने अभिशेक मण्डल**

मंगलबार शाखा सभापति श्रवणकुमार देव, सचिव रामनारायण विश्वास, सहसचिव गोपालप्रसाद गुप्ता, सदस्यद्वय विद्यानन्द राम र कृष्णकुमार मण्डलसहितको टोली जिल्ला प्रहरी कार्यालय पुगेर पत्रकार धम्क्याउने मण्डललाई अविलम्ब पक्राउ र कारवाहीको माग गर्दै निवदेन दिएको छ ।

निवदेनमा समाचारको विषयमा चित्त नबुझे उजुरी गर्ने विभिन्न निकाय हुँदा हुँदै फोनमार्फ धम्की दिने गैरकानुनी काम भएको भन्दै कानुन हातमा लिने मण्डलमाथी अविलम्ब कानुनी कारवाही नगरिए चरणबद्ध आन्दोलन गर्ने चेतावनी समेत दिइएको छ ।

निवेदन बुझ्दै प्रहरी प्रमुख गजुसिद्धि बज्राचार्यले दोषिलाई अविलम्ब पक्राउ गरि कानुनी दायरामा ल्याउने प्रतिबद्धता जनाएको सभापति देवले बताए ।

यसैबीच मंगलबारै प्रेस युनियन सप्तरीका सहसचिव परिष कर्ण, नेपाल फोटो पत्रकार संघ सप्तरीका अध्यक्ष मनोजकुमार माझी तथा प्रेस सेन्टर सप्तरीका अध्यक्ष दिनानाथ यादवले छुट्टाछुट्टै प्रेस विज्ञप्ति मार्फत उक्त घटनाको घोर निन्दा गर्दै दोषि मण्डललाई अविलम्ब कानुनी दायरामा ल्याउन माग गरेका छन् ।

## वडाअध्यक्ष चौधरी गरे १४ लाख राजश्व हिनामिना

**दैनिक समाचारदाता**
**राजविराज, १५ साउन ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. ९ मा सर्वजानिक पोखरी ठेक्कामा लगाए वापत उठाइएको राजश्व रकम हिनामिना भएको छ ।

वडा अध्यक्ष कर्ण देव चौधरीले सर्वजानिक पोखरी ठेक्कामा लगाए वापत उठाएको राजश्व हिनामिना गरेका हुन् । अध्यक्ष चौधरीले २०७५/०७६ मा ऐन विपरित वडाको १८ वटा सर्वजानिक पोखरी ठेक्कामा लगाए करिव १४ लाख ५० हजार राजश्व उठाएर नगरपालिकाको खतामा ४ लाख ५० हजार मात्र बुझाएर बाकी रकम हिनामिना गरेको स्रोतको दावी छ ।

यता रकम हिनामिना गरेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ५ वर्ष पछि सार्वजानिक पोखरी ठेक्कामा संग्लन व्यक्तिहरुलाई बयानका लागि बोलाएका छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरीले नगरपालिकालाई साउन ३ गते पत्रचार गर्दै ठेक्कामा संग्लन व्यक्तिहरुलाई श्रवण ९ गते व्यानका लागि उपस्थित गराउन भनेको थियो । आयोगले डाक्नेश्वरी ९ का पोखरी ठेक्का बोलकबोल गर्ने राम नरायण मेहता, रामदेब साह, हरेराम साह, राम नारायण साह, रामसुन्दर यादव र नेपाली यादवलाई बयानका लागि बोलाएको थियो ।

पोखरी ठेक्कामा लगाएवापत पहिलो वर्षको रकम १४ लाख ५० हजार रुपैयाँ राजश्वमा दाखिला गर्नुपर्नेमा वडाध्यक्ष चौधरीले आफैंसँग राखेको पोखरी ठेक्का बोलकबोल गर्ने व्यक्तिहरुको प्रतिक्रियाबाट बुझिएको छ ।

*बाँकी दुई पृष्ठमा*

**गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं**

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर वाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनहितमा जारी सन्देश**

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिबी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

**अनुरोधकर्ता : शम्भुनाथ नगरपालिका, सप्तरी**

## सम्पादकीय

### सडक र हवाई यात्रालाई सुरक्षित गर्नतर्फ ध्यान पुगोस्

नेपालको भौगोलिक अवस्थालाई हेर्दा मुलुकमा सडक दुर्घटनादेखी हवाई दुर्घटनाको इतिहास कहाली लाग्दो रहेको छ। दिनैपिच्छै सडक दुर्घटना हेर्न र सुन्न पाइन्छ। सडकहरुको दुर्दशा, चालकको लापरवाही सम्बन्धीत निकायको हेलचक्राई र दुर्घटनाको बाँकी कसर पुरा गर्न भौगोलिक अवस्थाले पुरा गर्दछ। यता हवाई यात्रालाई भने विश्वमै सुरक्षित यात्राको माध्यमको रुपमा मानिन्छ। तर, हवाई यात्रा पनि नेपालमा सुरक्षित देखिदैन्।

नेपालको इतिहासमा सन् १९४६ देखि हालसम्म आइपुग्दा नेपालमा झण्डै एक सय वटा साना ठूला हवाई दुर्घटना भएको पाइन्छ। यी मध्ये ५५ वटा दुर्घटनामा चालक दलका सदस्य वा यात्रुले आफ्नो ज्यान गुमाएका छन्। नेपालमा भएको पहिलो हवाई दुर्घटना सन् १९४६ मे ७ मा भएको थियो। १४ जना सैनिकसहित २ जना चालक दलका सदस्य रहेको रोयल फोर्सको जहाज नेपालमा पहिलोपटक दुर्घटनामा परेको थियो। तर उक्त दुर्घटनामा मानवीय क्षति भने भएको थिएन। त्यसपछिको हवाई दुर्घटनाको इतिहास खोतल्ने हो भने सन् १९५५ देखि हालसम्म भएको दुर्घटनामा झण्डै ८ सय जनाले दुर्घटनास्थलमै मृत्युवरण गरेका छन्। केही व्यक्तिको उपचारको क्रममा पनि मृत्यु भएको छ।

यी माथीको तथ्याङ्कलाई हेर्ने हो भने नेपालमा सुरक्षित यात्राको माध्यम कुनै पनि देखिदैन्। एक ठाउँबाट अर्को ठाउँमा पुग्न यात्रा आवश्यक छ। तसर्थ सडक र हवाई यात्रालाई सुरक्षित गर्न सम्बन्धीत निकायले ध्यान दिनु पर्ने अति आवश्यक रहेको छ।

# उच्च शिक्षाका लागि स्वदेशमै अवसर उपलब्ध गराउन त्रिवि पदाधिकारीलाई प्रधानमन्त्रीको आग्रह

काठमाडौँ, १५ साउन (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीले त्रिभुवन विश्वविद्यालयको पुनःसंरचना र पाठ्यक्रममा समयानुकूल परिमार्जन गर्दै उच्च शिक्षाका लागि देशमा नै अवसर प्रदान गर्नुपर्ने बताउनुभएको छ।

विश्वविद्यालयको मंगलबार भएको सिनेट बैठकमा प्रधानमन्त्री ओलीले समयको मागअनुसार अध्ययन-अध्यापनलाई अनुसन्धानमूलक एवं प्रविधिमैत्री बनाउनुपर्नेमा जोड दिनुभयो। उहाँले ठूलो सङ्ख्यामा विद्यार्थी विदेशिने क्रमलाई रोक्न स्वदेशमा नै गुणस्तरीय शिक्षामा आफूलाई केन्द्रित गर्न विश्वविद्यालयका पदाधिकारीहरूलाई आग्रह गर्नुभयो।

प्रधानमन्त्री ओलीले विश्वविद्यालयमा विगतमा सेवा आयोगबाट लिइएका परीक्षाको नतिजा प्रकाशन, शिक्षक कर्मचारीको रिक्त दरबन्दीमा नयाँ भर्नाका लागि विज्ञापन गरी जनशक्ति अभाव पूर्ति, विश्वविद्यालय सेवामा प्रवेश गरिसकेका जनशक्तिलाई क्षमता अभिवृद्धि र अनुसन्धानका अवसर प्रदान गर्दै उनीहरूलाई सेवामा कायम राख्नु अहिलेको आवश्यकता भएको बताउनुभयो।

"यी विषयमा के कति काम भएका छन् भन्ने समीक्षा गर्न पनि जरुरी छ। यदि सुधारको गति सुस्त छभने यसलाई तीव्रता दिन सबैले आ–आफ्ना ठाउँबाट पहल गर्न म सबैलाई आग्रह गर्दछु", प्रधानमन्त्री ओलीले भन्नुभयो, "विश्वविद्यालयको प्राज्ञिक तथा प्रशासनिक कार्यका विविध पक्षलाई मैले नजिकबाट नियालिरहेको छु। विभिन्न माध्यमबाट विश्वविद्यालयका गतिविधिबारे मैले जानकारी लिने गरेको छु। विश्वविद्यालयहरूमा कस्ता समस्या छन्, ती समस्या कसरी उत्पन्न भएका हुन् र तिनको समाधानका लागि विश्वविद्यालयका पदाधिकारी र सरोकारवाला पक्षसँग घनिभूत छलफल आवश्यक छ। सबैको प्रयासलाई र संयोजित ढङ्गले अघि बढाएर समस्याको समाधान गर्नुपर्छ।"

प्रधानमन्त्री ओलीले विश्वविद्यालयका नीतिगत र दीर्घकालीन महत्वका विषयमा आवश्यक गृहकार्य गरी चाँडै अर्को सिनेट बैठक गरेर निचोडमा पुगिने विश्वास व्यक्त गर्नुभयो। चाँडै अर्को बैठक गरेर नीतिगत विषयमा छलफल गर्ने प्रधानमन्त्रीको उद्घोषलाई सभाका विद्यार्थी प्रतिनिधिले सकारात्मक रूपमा लिएका थिए।

सिनेट बैठकमा सदस्यले बेरुजुका सम्बन्धमा उठाएको प्रश्नमा प्रधानमन्त्री ओलीले विगतदेखि नै बेरुजु घट्न नसकेकाले रु २८ अर्ब बेरुजु देखिएको सम्परीक्षण गराइएपछि त्यो रकम घट्ने विश्वास व्यक्त गर्नुभयो। त्यसमा देखिएका जटिलताका विषयमा बनाउनुपर्ने कानुन निर्माणबारे संसद्मा छलफल हुने उहाँले बताउनुभयो। प्रधानमन्त्री ओलीले सरकारबाट प्राप्त हुने रकमलाई विश्वविद्यालय अनुदान आयोगबाट विश्वविद्यालयलाई वितरण हुने भएकाले अनुसन्धानका लागि हाल निर्धारित रकममा कटौती नहुने स्पष्ट गर्नुभयो।

विश्वविद्यालयमा समावेशिता, सहभागिताका आधारमा परिणाम निकाल्न सक्नेगरी निर्णय हुनुपर्ने निर्देशन प्रधानमन्त्रीले दिनुभयो। प्रधानमन्त्री ओलीले प्राध्यापकको मर्यादा निर्धारण र भूकम्पबाट क्षति भएका क्याम्पसका भवन निर्माणमा तदारुकतासाथ काम गर्न आग्रह गर्नुभयो। उहाँले विश्वविद्यालयको कुलपति प्रधानमन्त्री रहने कानुनी व्यवस्था नै उपयुक्त हुने तर सभाले नराख्ने निर्णय गरेमा त्यो आफूलाई मान्य हुने बताउनुभयो।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं सहकुलपति विद्या भट्टराई सहभागी बैठकमा प्रस्तुत विभिन्न सङ्कायबाट ६२औँ ग्रेसलिष्टमा समाविष्ट ७३ हजार नौ सय ९५ विद्यार्थीलाई उपाधिका लागि अनुमति दिएको छ। चालु आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम र बजेट पनि पारित भएको छ।

# हरवाचरवालाई आत्मनिर्भर बनाउन सीपमूलक तालिम

सिरहा, १५ साउन (रासस)।

दलित समाजकल्याण नेपालले सिरहा र सप्तरीका तीन सय १० जना हरुवाचरुवालाई सीपमूलक तालिम दिएको छ। अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) को आर्थिक सहयोगमा हरवाचरवाको जीविकोपार्जनमा सहयोग पुऱ्याउने उद्देश्यले १३ प्रकारका विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएको दलित समाज कल्याण नेपालका सिरहा र सप्तरी जिल्ला सहजकर्ता देवलाल विश्वकर्माले जानकारी दिनुभयो।

विश्वकर्माका अनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) द्वारा मान्यता प्राप्त ५२ दिने सीपमूलक तालिमअन्तर्गत विद्युत् मर्मत तथा जडान, मोबाइल मर्मत, मोटरसाइकल मर्मत, बाख्रापालन, बेमौसमी तरकारी खेतीलगायत रहेका छन्। "बाध्यकारी श्रमिकलाई मुक्त गरी आत्मनिर्भर बनाउने उद्देश्यले सीपमूलक तालिम सञ्चालन गरिएको हो। तीन सय १० जना तालिमकर्तामध्ये दुई सय १० जनालाई पेशा व्यवसाय गर्न विभिन्न प्रकारका सामग्री हस्तान्तरण गरिएको छ", विश्वकर्माले भन्नुभयो, "अहिले उहाँहरू आफ्नो सीपअनुसारका केही न केही पेशा र व्यवसाय गरेर जीविकोपार्जन गरिरहनुभएको छ।"

सम्पूर्ण हरवा चरवालाई सीपमूलक तालिम दिनलाई धेरै आर्थिक व्ययभार लाग्ने भएकाले उनीहरूको गाँस, बास र कपासको व्यवस्थापन तथा पुनःस्थापनाको लागि सरकारले नै जिम्मा लिनुपर्ने राष्ट्रिय हरवा चरवा अधिकार मञ्चका महासचिव लागेन्द्र सदाले बताउनुभयो।


मुख्यगरी मधेस प्रदेशमा दास प्रथाको रुपमा हरवा चरवा प्रथा व्याप्त रहेको छ। सरकारले हरवा चरवाको यकिन तथ्याङ्क सङ्कलन अझै गर्न सकेको छैन। आइएलओको करिब तीन वर्ष अगाडिको तथ्याङ्कअनुसार मधेस प्रदेशमा ६९ लाख सात सय ३८ हरवा चरवाको तथ्याङ्क रहेको छ।

मधेस प्रदेश सरकारले आव २०८०/८१ मा स्थानीय तहको समन्वयमा प्रदेशको सबै जिल्लामा मुक्त हरवा चरवाको वास्तविक तथ्याङ्क सङ्कलन गरी प्रमाणीकरण र परिचयपत्र वितरण गर्नको लागि रू दुई करोड ४० लाख बजेटको व्यवस्था गरेको भए पनि काम हुन नसकेर बजेट फ्रिज भएको महासचिव सदाले जानकारी दिनुभयो

### वडाअध्यक्ष चौधरी ...

सार्वजनिक पोखरी ठेक्काको राजस्व रकम हिनामिना सम्बन्धी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेपछि नियम विपरित पोखरी ठेक्का लिने व्यक्तिहरुलाई राजश्व रकम फिर्ता गरेका छन्। ठेक्का बोलकबोल गरी राजश्वका लागि अध्यक्ष चौधरीलाई बुझाइएको रकम पुनः ठेक्केदारलाई नै फिर्ता दिइएको छ। पोखरीका ठेक्केदार सामदेब साहले अध्यक्षलाई बुझाएको राजश्व वापतको रकम फिर्ता लिएर वडा कार्यालयमा भरपाई गरिदिएको बताए। बयानका लागि बोलाएका ६ जना मध्ये ५ जनाले कानून विपरित राजश्वका लागि जम्मा गर्न दिएको पैसाफिर्ता लिएको वडाका एक कर्मचारीले बताए। एक जना ठेक्केदारको मृत्यु भएका कारण उनको पैसा वडा अध्यक्ष संगै रहेको समेत उनले प्रतिक्रिया दिए।

अनुसन्धानका लागि डाक्नेश्वरी नगरपालिकासँग २०७६ सालमा पोखरी ठक्का सम्बन्धी भएको निर्णय तथा ठेक्का प्रक्रियाको सम्पुर्ण कागजातहरु माग गरेको प्रमुख प्रशासकिय अधिकृत कुन्दन कुमार कर्णले बताए। अध्यक्ष चौधरी विरुद्ध रकम हिनामिन गरेको करिव एक दर्जन उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग परेको छ। जसको अनुसन्धान भईरहेको छ। अध्यक्ष चौधरी डाक्नेश्वरी नगरपालिका वडा ९ मा नेकपा एमालेबाट दोस्रोपटक जितेका हुन्। उनको विरुद्धमा वडा कार्यालयबाट विभिन्न शिर्षकमा करिव ६० लाख रुपैयाको दुरुपयोग गरेको अख्तियारमा उजुरी परेको छ।


नेपाल सरकार
कृषि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज
सप्तरी

चलानी नं. :
पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति:

मिति: २०८१।४।१५

विषय: ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना।

... नाममा दर्ता रहेको साविक कि.नं. १६० मौजा ... हाल तपसिल बमोजिम नापी भएको जग्गा ... दर्ता ... गरी प्रमाण पुर्जा पाउ भन्ने गा.वि.स./न.पा. ... वार्ड नं. ३ बस्ने श्री ... चौधरी ... को द.नं. ... मिति २०८१।२।१८ मा निवेदन परी ... सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८१।४।१५ मा आदेश भए अनुरुप यो ... दिने सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा जग्गा दर्ता नामसारी नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी गर्नु होला। म्याद भित्र कसैको दावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम ... गर्ने तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| ... | ३ | ६१ | ०-१३-१९ | ... चौधरी | २००४ साल ... |


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपालको विकास प्रयासमा सघाउने चिनियाँ चाहना

काठमाडौं, १५ साउन (रासस) ।

नेपालका लागि चिनियाँ राजदूत छन सोङले नेपालको आर्थिक-सामाजिक विकासका निम्ति सक्दो सहयोग गर्न चीन तयार रहेको बताउनुभएको छ । चाइना मिडिया ग्रुप र साइनो नेपाल मिडिया सोसाइटीद्वारा मंगलबार यहाँ आयोजित कार्यक्रममा उहाँले नेपालको आर्थिक विकास चीनको चाहना भएको बताउनुभयो ।

राजदूत सोङले बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) अन्तर्गतका परियोजना नेपालको हितमा रहेका बताउँदै चिनियाँ कम्युनिष्ट पार्टीको २०औं केन्द्रीय समितिको तेस्रो राष्ट्रिय बैठकले निर्दिष्ट गरेका सुधार योजना नेपाललगायत छिमेकी देशका लागि महत्वपूर्ण छन् भन्नुभयो । उहाँले सुधारका योजनाबाट दुवै देशका जनता लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो ।

"यी सुधारका उपायले चीन र नेपाललाई हिमालय पारि सम्पूर्ण तवरले जोड्ने सञ्जाल निर्माणलाई चाँडो अगाडि बढाउन, कृषि, उद्योग, व्यापार, 'डिजिटल टेक्नोलोजी', ऊर्जा, पर्यटन क्षेत्रको क्षमता विस्तारमा उपयोगी हुनेछन् । यसबाट नेपाललाई समृद्धिका अवसर प्राप्त हुनेछ", राजदूत छनले भन्नुभयो ।

फरक प्रसङ्गमा उहाँले चिनियाँ कम्युनिष्ट पार्टीको बीसौँ केन्द्रीय समितिको तेस्रो बैठकले चीनको निरन्तर सुधार र खुलापनको सन्देश प्रवाह गरेको बताउनुभएको छ । उहाँले चिनियाँ कम्युनिष्ट पार्टी सुधार र खुलापनलाई दृढतापूर्वक उठाउँदै नयाँ युगको नयाँ यात्रामा लम्किरहेको स्पष्ट पार्नुभयो ।

चिनियाँ राजदूतले भन्नुभयो, "सुधार र खुलापनलाई निरन्तर प्रक्रियाका रूपमा कायम राख्ने निर्णय बैठकले गरेको छ, भविष्यका लागि अझ सुधार र विकासको योजना बनाएइका छन्"।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का केन्द्रीय सदस्य विष्णु रिजालले समानता, आपसी हित र दिगो मैत्रीप्रति दृढ विश्वास भएका नेपाल र चीनबीच सौहार्दपूर्ण सम्बन्ध रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "दुई देशबीचको सम्बन्ध समस्या मुक्त छ, चीनले नेपालको विकासमा उदारतापूर्वक सहयोग गर्दै आएको छ । नेपालले सधैँ चीनको चासोलाई ध्यानमा राखेको छ । बिआरआई परियोजना कार्यान्वयनको ढाँचाबारे दुवै देशका सरकारले चाँडै निर्णय गर्ने र परियोजना शीघ्र कार्यान्वयन हुनेमा म विश्वस्त छु ।"

नेपाल र चीनबीचको सम्बन्ध सरकारीस्तमा मात्र नभई जनस्तरमा पनि प्रगाढ बन्दै गएको बताउँदै उहाँले जनता-जनताबीचको सम्बन्ध आपसी लाभ र समझदारी प्रवर्द्धनका लागि उपयोगी भएको बताउनुभयो । उहाँले प्रविधि र ज्ञान आदानप्रदान शैक्षिक उन्नतिमा केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो ।

नेपाल चीन मिडिया फोरमका अध्यक्ष किशोर श्रेष्ठले चीनको विकास र समृद्धिको अनुभवबाट नेपाल र बाँकी विश्वले सिक्न सक्ने धेरै विषय छन् भन्नुभयो ।

पारस्परिक सहयोगलाई दिगो बनाउन जनता-जनताबीचको सम्बन्धलाई सुदृढ पार्न सञ्चार क्षेत्रले महत्वपूर्ण भूमिका खेल्ने बताउँदै उहाँले हाम्रा संस्था प्रामाणिक, निष्पक्ष र जवाफदेही पत्रकारितामा समर्पित रहेको बताउनुभयो ।

चाइना मिडिया ग्रुपका एसिया-प्रशान्त निर्देशक छ्या ओइ छाओ इले नेपालको परिचय आत्मीय र सरल नेपालीको हार्दिकताले दिनेगरेको बताउँदै हरेक पटक आफूलाई नेपाल आउँदा पुरानो मित्रको घरमा आएजस्तो अनुभव हुन्छ भन्नुभयो ।

नेपाल विकासपथको खोजीमा सक्रिय रहेको बताउँदै उहाँले स्वतन्त्रता, आत्मसुदृढीकरण र विकास समृद्धि हासिल गर्न नेपाल प्रयासरत रहेको पाएको धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "हिमालयको वारिपारि रहेका चीन र नेपालका बीच सर्वोच्च शिखर सगरमाथा रहेको र दुई देशका जनताबीचको सम्बन्ध पनि त्यति नै उच्च रहेको आफ्नो ठम्माइ उहाँले सुनाउनुभयो ।

सोसाइटीका अध्यक्ष ध्रुव पौडेलले नेपाल र चीनबीचको जनस्तरको सम्बन्धलाई अझ सुदृढ बनाउन यस्ता कार्यक्रम उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो ।


श्री हियालाल माध्यमिक विद्यालय
SHREE HIYALAL SECONDARY SCHOOL
सखुवाकचन्दाहा , शम्भूनाथनगरपालिका - ४ ,सप्तरी
Sakhuwa Kachandaha ,Shambhunath - 4 ,Saptari
स्थापित - २००९ (Estd. 2009 B S)
Email: hiyalal.school@gmail.com
M.No. 9805950190
School Code15133
IEMIS Code 151040002

पत्र संख्या:- २०८१/०८२ मधेश प्रदेश, नेपाल

चलानी नम्बर:- 03

मिति : २०८१/०४/१५

विषय : बालविकास सहजकर्ता आवश्यकता सम्बन्धमा ।

प्रस्तुत विषयमा यस विद्यालयको वि.व्य.स.को मिति २०८१/०४/१३ गते बसेको बैठकको निर्णय अनुसार यस विद्यालयमा आवश्यक रहेको बालविकास सहजकर्ता संघिय अनुदान करार पदपूर्ति गर्नुपर्ने भएकोले तपशिल अनुसारका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त दिनुहुन यो विज्ञापन आव्हान गरिएको छ ।

तपशिल

१. विज्ञापन नं. : ०१/२०८१/०८२
क। पद : बालविकास सहजकर्ता (महिला)
ख। पद संख्या : १ जना
घ। दरबन्दीको किसिम : संघिय अनुदान करार
ङ। तलब स्केल : संघिय र स्थानिय तहको अनुदान अनुसार
च। शैक्षिक योग्यता :मान्यता प्राप्त संस्थाबाट +२ उत्तिर्ण गरेको
छ। आवश्यक कागजातहरु : शैक्षिक प्रमाण पत्रहरुको प्रतिलिपि,नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि २/२ प्रति र हालसाल खिचाएको पासपोर्ट साइजका ३ प्रति फोटो
ज। दरखास्त दस्तुर : रु. १,०००।-
झ। दरखास्त फाराम बापत : रु. १००।-
ञ। दरखास्तदिने अन्तिम मिति : २०८१/०४/२९
ट। सम्पर्क मिति : २०८१/०४/३०
ठ। परिक्षा मिति र स्थान : सम्पर्क मितिमा तोकिने छ ।
ड। परीक्षाको किसिम : लिखित र मौखिक
२. उमेर : १८ वर्ष पूरा भइ ४०वर्ष ननाघेको
३. भविष्यमा सरकारी सेवाका लागी अयोग्य ठहरिने गरी कुनै कारवाहिमा नपरेको
४. लिखित र मौखिक परीक्षा वि.व्य.स. को मिति २०८१/०४/०४ को बैठकबाट अनुमोदन पाठयक्रम अनुसार लिइनेछ साथै उक्त पाठयक्रम विद्यालयमा सम्पर्क गरी लिन सकिनेछ ।
थप जानकारीका लागी सम्पर्क नं. ९८०५०५०१९० ,९८०७७७१३१३

शिव नारायण यादव
प्रधानाध्यापक / सदस्य सचिव
शिक्षक छनौट समिति


# विश्व समाचार

## बङ्गलादेशका प्रदर्शनकारीहरू विरुद्ध 'अत्यधिक बल' प्रयोग गरेकोमा ईयूको चिन्ता

ब्रसेल्स (बेल्जियम), १५ साउन (रासस/एएफपी) ।

कम्तिमा २०६ जनाको ज्यान जाने गरी भएको हिंसापछि युरोपेली सङ्घ (ईयू)का विदेश नीति प्रमुख जोसेप बोरेलले मङ्गलबार बङ्गलादेशमा प्रदर्शनकारी विरुद्ध "अत्यधिक" बल प्रयोगको निन्दा गर्नुभएको छ ।

यस महिना सरकारी सेवामा आरक्षण प्रणालीको विरोधमा भएको विद्यार्थीहरूको प्रदर्शनले हिंसात्मक रुप लिएको थियो ।

प्रहरी र अस्पतालको तथ्याङ्क अनुसार घटनामा प्रहरी अधिकारीहरूको पनि ज्यान गएको थियो । बोरेलले बङ्गलादेशको हिंसाले निम्त्याएको मृत्यु, यातना, सामूहिक गिरफ्तारी र सम्पत्तिको क्षतिप्रति गहिरो चिन्ता व्यक्त गर्नुभएको छ । उहाँले अनुसन्धान गर्न र जिम्मेवारलाई न्यायको कठघरामा ल्याउन आह्वान गर्नुभएको छ ।

"कानुन प्रवर्तन अधिकारीहरू प्रदर्शनकारी, अन्य विरुद्ध अत्यधिक र घातक बल प्रयोग गरेको थुप्रै उदाहरणका लागि पूर्ण जवाफदेही हुनुपर्छ", उहाँले एक विज्ञप्तिमार्फत भन्नुभयो ।

"हामी यस सङ्कटको समयमा जिम्मेवार अधिकारीको कार्य नजिकबाट पछ्याइरहेका छौँ । ईयू-बङ्गलादेश सम्बन्धको आधारभूत कुरालाई ध्यानमा राख्दै सबै मानवअधिकारको पूर्ण सम्मान हुने अपेक्षा गर्दछौं", उहाँले बताउनुभयो ।

प्रधानमन्त्री शेख हसिनाको १५ वर्षको कार्यकालमा भएको यो सबैभन्दा घातक झडप हो तर उहाँको सरकारले व्यापक विरोध विरुद्ध गिरफ्तारी, सेना परिचालन र राष्ट्रव्यापी इन्टरनेट कटौतीजस्ता विभिन्न तरिका अपनाएर व्यवस्था पुनःस्थापित गरेको छ ।

## भारतमा पहिरोमा परी २४ जनाको मृत्यु

भारत, १५ साउन (रासस/एएफपी) ।

भारतमा भारी मनसुनी वर्षाले निम्त्याएको पहिरोमा परी कम्तीमा २४ जनाको मृत्यु हुनुका साथै सयौँभन्दा बढी पहिरोमा फसेको आशंका गरिएको अधिकारीले मङ्गलबार बताएका छन् ।

भारतको दक्षिणी तटीय राज्य केरलामा वर्षाका कारण वायनाड जिल्लास्थित घटनास्थलको प्रमुख पुल भत्किएकाले उद्धारकार्यमा बाधा पुगेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

केरला राज्यकी स्वास्थ्यमन्त्री रीना जर्जले समाचार तयार पार्दासम्म विभिन्न अस्पतालमा २४ वटा शव प्राप्त गरेको बताउँदै घाइतेको जिल्ला अस्पतालमा उपचार भइरहेको प्रेस ट्रस्ट अफ इन्डिया समाचार एजेन्सीलाई बताउनुभयो ।

भारतीय सेनाले खोज तथा उद्धारकार्यका लागि दुई सयभन्दा बढी सैनिक तैनाथ गरेको जनाएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक सञ्जाल एक्समा केरला सरकारलाई विपद्को अवस्थामा सम्भावित सबै सहयोग गर्ने आश्वासन दिनुभएको छ । उहाँले घटनाप्रति दुःखव्यक्त गर्दै मृत आत्माको चिर शान्तिको कामना तथा परिवार जनमा समवेदना प्रकट गर्नुभएको छ ।

केरलामा थप वर्षाका साथै तीव्र हावाहुरीको पूर्वानुमान गरिएको राज्यको विपद् व्यवस्थापन एजेन्सीले मङ्गलबार जनाएको छ ।

## रेल दुर्घटनामा दुई जनाको मृत्यु, २० घाइते

नयाँदिल्ली, १५ (रासस/सिन्ह्वा) ।

भारतको पूर्वीराज्य झारखण्डमा मङ्गलबार रेल दुर्घटना हुँदा कम्तीमा दुई जनाको मृत्यु हुनुका साथै २० जना घाइते भएको अधिकारीले बताएका छन् ।

दुर्घटना झारखण्डको राजधानी राँचीबाट करिब १२३ किलोमिटरमा रहेको पश्चिम सिंहभूम जिल्लाको चक्रधरपुरको बडाबाम्बु स्टेशन नजिकै भएको बताएको छ ।

"बडाबाम्बु नजिकै हावडा-मुम्बई मेल एक्सप्रेसको रेलका १८ वटा डिब्बा लिकबाट खस्दा भएको दुर्घटनामा दुई जनाको मृत्यु भएको छ भने २० जना घाइते भएका छन् । एनडीआरएफको टोली घटनास्थलमा खटिरहेको छ र उद्धारकार्य जारी छ", दुर्घटनास्थलमा रहेका पश्चिम सिंहभूमका उप-आयुक्त कुलदीप चौधरीले बताउनुभयो ।

अधिकारीहरुका अनुसार दुर्घटनाग्रस्त रेल हावडाबाट मुम्बईको छत्रपति शिवाजी महाराज टर्मिनसतर्फ जाँदै गरेको थियो ।

रेलवे अधिकारीले राहत र उद्धारकार्यका लागि कर्मचारीसहित आवश्यक राहत र चिकित्सा उपकरण तुरुन्तै घटनास्थलमा पुर्‍याएको जनाएका छन् । साथै प्रभावित यात्रुलाई बसमार्फत नजिकैको रेलवे स्टेसनमा लगि बाँकी यात्राका लागि विशेष रेलको व्यवस्था गरिएको उनीहरुले बताएका छन् ।

अधिकारीले रेलको लिकबाट खसेका १८ डिब्बामध्ये १६ वटामा यात्रु सवार रहेको, एउटामा पावर कार र एउटामा प्यान्ट्री कार रहेको जनाएका छन् ।

हावडा-मुम्बई मेल एक्सप्रेसको रेल लिकबाट खसेपछि छेउमा रहेको मालबहाक रेलसँग ठोक्किदा यो दुर्घटना भएको प्रारम्भिक अनुसन्धानले जनाएको छ ।

यसैबीच, भारतीय रेलवेले यात्रु तथा यात्रुका आफन्तलाई सहयोग गर्न हेल्पलाइन नम्बर जारी गरेको छ ।

# गायनतर्फ सुनितालाई र दिलिपलाई अधिकारकर्मी पुरस्कार




**दैनिक समाचारदाता**
**राजविराज, १५ साउन ।**

यस वर्षको मैथिली लोक गित गायनतर्फ सुनिता साह र अधिकाकर्मीतर्फ दिलिप चौधरी बैध-प्रकाश मानव अधिकार पुरस्कारबाट सम्मानित हुने भएका छन् ।

मैथिली लोक गायन क्षेत्रमा योगदान गरे वापत राजविराज ३ की सुनिता साह र अधिकार क्षेत्रमा योगदान गरेवापत रुपनी गाउँपालिका ६ का दिलिप कुमार चौधरी उक्त पुरस्कारबाट सम्मानित हुने भएका हुन् ।

पुरस्कार छनौट समितिको मंगलबार बसेको बैठकले यसवर्षको ५औं मैथिली लोकगित गायन पुरस्कारबाट साहलाई र ९ औं बैध-प्रकाश मानवअधिकार पुरस्कारबाट चौधरीलाई पुरस्कृत गर्ने निर्णय गरेको हो ।

दलित अधिकार क्षेत्रमा लामो समयदेखी क्रियाशिल रही योगदान गरेवापत यस वर्षको बैध-प्रकाश मानवअधिकार पुरस्कार चौधरीलाई दिने निर्णय गरेको पुरस्कार कोष समितिका संयोजक बैद्यनाथ झाले जानकारी दिए ।

सोही कोषबाट उनले प्रत्येक वर्ष मानव अधिकारकर्मी प्रकाश काफ्लेको स्मृति दिवसको अवसर पारेर अधिकार, संस्कृति, संचार, कला, गायन, समाज सेवा लगायतका क्षेत्रमा योगदान गर्ने व्यक्तित्वलाई पुरस्कृत गर्दै आएका छन् ।

यस्तै मैथिली लोक गायन क्षेत्रमा योगदान दिँदै आएकी ३० वर्षिया साहलाई पाचौं उर्मिलादेवी मैथिली गायन पुरस्कारबाट सम्मानित गर्ने निर्णय भएको मैथिली महिला परिषद्की पूर्व अध्यक्ष शान्ति झाले बताइन् । उनी पुरस्कार छनौट समितिकी संयोजक हुन् ।

२०७१ सालमा इन्सेकद्वारा ५० हजार राशी पुरस्कार भएको प्रकाश-बैध मानवअधिकार पुरस्कार प्राप्त गरेका झाले सोही रकम र आमा चन्द्रदेवी झाको सामाजिक सुरक्षा भत्ता वापत प्राप्त हुने ५० हजार थपेर १ लाखको पुरस्कार कोष नै स्थापना गरेका थिए ।

उक्त दुबै पुरस्कार मानव अधिकारकर्मी स्व. प्रकाश काफ्लेको ३२ औं स्मृती दिवसको अवसरमा पारेर आगामी शुक्रबार साउन १८ गते प्रदान गरिने कार्यक्रम तय भएको कोषका संयोजक प्रेस स्वतन्त्रता सेनानी झाले जानकारी दिएका छन् ।

# पन्ध्र जिल्लामा दुई लाख ७१ हजार गरिब परिवार सूचीकृत

काठमाडौँ, १५ साउन (रासस) ।

सरकारले १५ जिल्लाका दुई लाख ७१ हजार छ सय ४० गरिब परिवारको अन्तिम सूची स्वीकृत गरेको छ । यही साउन १० गते बसेको मन्त्रिपरिषद् बैठकले ओखलढुङ्गा, कञ्चनपुर, गुल्मी, दोलखा, धनुषा, नुवाकोट, पर्सा, बारा, बैतडी, मनाङ, मुस्ताङ, रुपन्देही, सप्तरी, सर्लाही र सिन्धुपाल्चोकका गरिब परिवारको सूची स्वीकृत गरेको हो ।

बैठकले सरकारको नाममा दर्ता रहेको नवलपरासी (बर्दघाट सुस्तापश्चिम) को सरावल गाउँपालिका-५ मा तीन हजार छ सय ८० वर्गमिटर जग्गा १५ शय्याको आधारभूत अस्पताल भवन निर्माणका लागि उपयोग गर्न स्वीकृति दिएको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिनुभयो ।

सरकारले कपिलवस्तुको शुद्धोधन गाउँपालिकाअन्तर्गत बाँसखोर स्वास्थ्य चौकीको भवन निर्माणका लागि ०-१७-७ विघा, लखरपाटा-खम्वागाडे-मुरमुरी-जामुन सुनकाँडा सडक निर्माणका लागि सर्खेतको बराहताल गाउँपालिका र पञ्चपुरी नगरपालिकामा रहेको राष्ट्रिय वनको नौ दशमलव ३६ हेक्टर र नवलपरासी (बर्दघाट-सुस्तापूर्व)लाई प्रशासनिक भवन निर्माणका लागि विनयी त्रिवेणी गाउँकार्यपालिकाको प्रशासनिक भवन निर्माणका लागि सोही गाउँपालिका-२ मा रहेको छ रेपनी राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति दिएको छ ।

मन्त्रिपरिषद्ले झापा, मोरङ, सुनसरी, सिरहा, सप्तरी, बारा, सर्लाही, नवलपुर, गोरखा, नवलपरासी, कपिलवस्तु, बाँके, बर्दिया र कैलालीका १९ स्थानमा विद्युतीकरण विस्तार तथा चुहावट न्यूनीकरण आयोजनाअन्तर्गत ३३/११ केभी सवस्टेसन निर्माणका लागि जग्गा प्राप्ति र तल्लो मोदी-नयाँ मोदी १३२ केभी प्रसारणलाइन आयोजनाअन्तर्गत पर्वतमा शून्य दशमलव नौ सय ४७ हेक्टर जग्गा प्राप्ति गर्न स्वीकृति दिएको छ ।

सरकारले विश्व बैंकबाट प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम-पहिलो चरणअन्तर्गत उपलब्ध हुने करिब रु १३ अर्ब ३३ करोड बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गरेको छ । बैठकले नेपाल विश्वविद्यालय पूर्वाधार विकास तयारी समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८१ स्वीकृत गरेको छ । यस्तै नेपाल वन सेवा, जनरल फरेष्ट्री समूहको राजपत्राङ्कित द्वितीय श्रेणीका एक कर्मचारीलाई प्रथम श्रेणस्का सहसचिव (प्रा) पदमा बढुवा नियुक्ति गरेको छ ।

# पूर्ण समानुपातिक निर्वाचन प्रणाली अपनाउन सांसद बेलबासेको सुझाव

काठमाडौँ, १५ साउन (रासस) ।

सांसद गङ्गाकुमारी बेलबासेले राजनीतिक स्थिरता र विकास निर्माणका लागि पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जानुपर्ने धारणा व्यक्त गर्नुभएको छ । राष्ट्रियसभाको मंगलबारको बैठकको विशेष समयमा उहाँले पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जाने गरी काम गर्न आग्रह गर्नुभयो ।

"खर्चिलो चुनाव भयो भनिएको छ । जनताबाट निर्वाचित भएको कार्यकारी प्रमुखलाई निर्वाचन गर्न हामी पहिलेदेखि नै तयार छौँ । यो पक्षमा जाने आँट गर्नुहुन्छ भने हामी समर्थन जनाउँछौँ", उहाँले भन्नुभयो । उहाँले पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन हुँदा स्थिर सरकार बन्न सक्ने धारणा राख्नुभयो ।


## राजविराजको मेन रोडमा सटर भाडामा चाहिए सम्पर्क गर्नुहोस

राजविराजको मुख्य बजार मेनरोडमा पसल, व्यवसाय, बैंक तथा वित्तिय संस्था र विमा कम्पनीका लागि कोठा भाडामा चाहिए सम्पर्क गर्नुहोस् ।

**सम्पर्क नं.**
९८४२८२१०८२, ९८१९७२५०८२
राजविराज नगरपालिका वडा नं. ४, मेनरोड



## तातो हावा तथा लु लागदाका असरहरू

- हृदयको गति तीव्र हुने
- श्वासप्रश्वास र रक्तचाप कम हुने
- शरीरबाट पसिना ननिस्किने
- टाउको अत्यधिक दुख्ने
- चक्कर लाग्ने, अचेत हुने
- शरीरको तापक्रम १०४ डिग्री फरेनहाइट भन्दा बढी हुने
- छाला सुक्खा, रातो र तातो हुने



गर्मीमा स्वास्थ्यको विशेष हेरचाह गरौं । उल्लेखित असरहरू देखिएमा बिरामीलाई तुरुन्त नजिकैको अस्पताल लैजाऔं ।

अनुरोधकर्ता : हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी



## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : राजगढ गाउँपालिका, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*